# नेपाल स्वास्थ्य संस्था पञ्जीकरण कार्यविधि, २०८१

मानननीय मन्त्री स्तरबाट स्वीकृतः

मितिः २०८१/०३/०५

नेपाल सरकार

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**

रामशाहपथ, काठमाडौं, नेपाल

डा. रोशन पोखरेल
सचिव

# नेपाल स्वास्थ्य संस्था पञ्जीकरण कार्यविधि, २०८१

प्रस्तावनाः स्वास्थ्य संस्थावाट सम्पादन हुने कार्यलाई गुणस्तरीय एवं प्रभावकारी वनाई नागरिकको सहज पहुँच स्थापित गर्न तथा मुलुकभर रहेका स्वास्थ्य संस्थाहरूको भौगोलिक अवस्थिति, स्तर, प्रकार र सेवा सम्वन्धी विवरण अभिलेखिकरण गर्न र स्वास्थ्य संस्थाको सुदृढिकरणका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि वनाएको/जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "नेपाल स्वास्थ्य संस्था पञ्जीकरण कार्यविधि, २०८१" रहेको छ। यसलाई अंग्रेजी भाषामा "Nepal Health Facility Registry Procedure, 2081" भनिनेछ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "गैर सरकारी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून वमोजिम स्थापित गैर सरकारी वा निजी वा सहकारी वा सामुदायिक स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले जनस्वास्थ्य सेवा नियमावली २०७७ सम्झनुपर्छ।

(ग) "प्रणाली" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विकास गरी लागू गरेको "नेपाल स्वास्थ्य संस्था पञ्जीकरण प्रणाली" र त्यसमा समय समयमा गरिने अद्यावधिक र परिमार्जन समेतलाई सम्झनुपर्छ।

(घ) "प्रयोगकर्ता" भन्नाले प्रणालीमा लग-इन (Login) गरी प्रणाली प्रयोग गर्ने दफा ८ वमोजिमका प्रयोगकर्ता (User) सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनुपर्छ।

(च) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून वमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्वन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनुपर्छ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी र गैरसरकारी स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

३. प्रणालीको परिचयः नेपाल स्वास्थ्य संस्था पञ्जीकरण प्रणाली नेपालमा रहेका हरेक स्वास्थ्य संस्थाको विशिष्ट परिचय (Unique Identity) सहित वेवमा आधारित मूख्य प्रणाली (Master Registry) हो जसमा स्वास्थ्य संस्थाको तह, प्रकार, स्वामित्व, अवस्थिति र उपलव्ध स्वास्थ्य सेवा लगायतका सूचनाहरूको अभिलेखिकरण गरिन्छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

४. <u>प्रणाली सञ्चालनको उद्देश्यः</u> प्रणाली सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) मुलुकभर रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरूको अद्यावधिक सूची (Master List) तयार गर्नु,

(ख) स्वास्थ्य क्षेत्रको योजना र अनुगमन प्रणालीलाई सुदृढिकरण गर्नु,

(ग) स्वास्थ्य संस्थाको अवस्थिति, प्रकार र यसले प्रदान गर्ने सेवाको सूचना प्रदान गर्नु,

(घ) स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन, नवीकरण तथा स्तरोन्नती प्रक्रियालाई सहजीकरण गर्नु,

(ङ) स्वास्थ्य सूचना प्रणालीहरू बीचको अन्तर आवद्धता कायम गर्नु ।

## परिच्छेद-२

## <u>प्रणाली स्थापना, सञ्चालन तथा व्यवस्थापन</u>

५. <u>प्रणालीको स्थापनाः</u> (१) यस प्रणालीले मुलुकभर रहेका प्रत्येक स्वास्थ्य संस्थाको विशिष्ट परिचय सहित मुख्य प्रणाली (Master Registry) को रुपमा स्वास्थ्य संस्थाको तह, प्रकार, स्वामित्व, अवस्थिति र उपलव्ध स्वास्थ्य सेवा लगायतका सूचनाहरूको अभिलेखिकरणको लागि मन्त्रालयले प्रणालीको स्थापना गर्नेछ ।

(२) उपदफा (१) वमोजिम स्थापित प्रणालीको सञ्चालन तथा व्यवस्थापन मन्त्रालयले गर्नेछ ।

६. <u>प्रणालीमा आवद्ध गर्नेः</u> संघ, प्रदेश र स्थानीय तहमा रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरू यस प्रणालीमा आवद्ध हुनेछन् ।

७. <u>प्रणालीमा रहने विवरणहरूः</u> (१) प्रणालीमा अनुसूची-१ वमोजिमका विवरणहरू रहनेछन् ।

(२) मन्त्रालयले अनुसूची-१ वमोजिमको आवश्यकता अनुसार विवरण थपघट गर्न सक्नेछ ।

८. <u>प्रणाली प्रयोगकर्ताः</u> (१) प्रणालीमा देहाय वमोजिमका प्रयोगकर्ता (User) हुनेछन्ः

(क) प्रणाली सर्वाधिकार व्यवस्थापक (Super admin)- प्रणालीको सर्वाधिकार व्यवस्थापक मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाको सूचना प्रविधि शाखा प्रमुख हुनेछ । प्रणाली प्रयोगकर्ताहरूको युजर आईडी तथा पासवर्डको व्यवस्थापन यसै प्रयोगकर्ताले गर्नेछ ।

(ख) प्रणाली सञ्चालनकर्ता (Admin user)- प्रदेश स्थित प्रदेश स्वास्थ्य निर्देशनालय

(ग) अनुगमन प्रयोगकर्त(Viewer User)- विभिन्न तहवाट अनुगमन गर्ने निकाय

(घ) सामान्य प्रयोगकर्ता (data entry user) - इजाजत पत्र दिने तह वा निकाय र संघ, प्रदेश तथा गैर सरकारी अस्पतालहरू

(२) उपदफा (१) को अतिरिक्त आम सरोकारवाला व्यक्ति वा संस्थाहरूले प्रणाली मार्फत् स्वास्थ्य संस्थाहरूको विवरण हेर्न सक्नेछन् ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

९. प्रणालीको सेटअप तथा व्यवस्थापनः प्रणालीको सेटअप, कन्फिगरेशन, डाटावेस व्यवस्थापन, सर्भर व्यवस्थापन सम्वन्धी कार्य, सूचनाहरूको सुरक्षा, गोपनीयता र स्थायित्वको जिम्मेवारी मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा अन्तर्गत सूचना प्रविधि शाखावाट हुनेछ।

१०. युजर-आइडी तथा पासवर्डको सुरक्षाः (१) सवै प्रयोगकर्ताहरूले अधिकार प्राप्त तह वा निकायवाट आफ्नो युजर आइडी र पासवर्ड लिनु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले तोकेको कार्यविवरण अनुसार कार्यसम्पादन गर्दा प्रणालीको प्रयोग गर्नु पर्नेछ।

(३) प्रयोगकर्ताले आफ्नो युजर आइडी र पासवर्ड सुरक्षित राख्नुपर्नेछ।

११. प्रयोगकर्ताको जिम्मेवारीः (१) प्रयोगकर्ताले आफू सरूवा वा अवकाश वा अन्य कुनै प्रकारले उक्त जिम्मेवारीमा नरहेमा अर्को जिम्मेवार व्यक्तिलाई सो युजर-आईडी, पासवर्ड र अन्य विवरण तथा प्रतिवेदनहरू हस्तान्तरण गरी प्रणाली सञ्चालन सम्वन्धी अभिमुखिकरण समेत प्रदान गर्नुपर्नेछ।

(२) प्रयोगकर्ताले देहायका कार्य गर्नु हुँदैनः-

(क) प्रणालीको युजर आइडी र पासवर्ड प्रयोग गरी भाइरस, मालवेयर, स्पाईवेयर जस्ता अनाधिकृत सफ्टवेयर आदान-प्रदान,

(ख) कार्यालय प्रयोजन वाहेक सामाजिक सञ्जाल र अन्य कुनै पनि माध्यममा सामग्री सम्प्रेपण,

(ग) प्रणालीलाई कुनै किसिमले हानि नोक्सानी पुऱ्याउने वा सोको दुरुपयोग र

(घ) प्रचलित कानूनले निषेध गरेका अन्य कार्यहरु।

१२. प्रणाली अनवरत सञ्चालन हुनेः यो प्रणाली अविच्छिन्न रुपमा सञ्चालित रहनेछ। यस प्रणालीमा रहेका तथ्याङ्क, सूचना र विवरण सुरक्षित राख्ने, नष्ट गर्ने तरिका र सूचना वर्गीकरण प्रचलित कानून वमोजिम हुनेछ।

## परिच्छेद– ३

## स्वास्थ्य संस्था पञ्जीकरण प्रक्रिया

१३. पञ्जीकरण प्रक्रिया र अद्यावधिकः (१) स्वास्थ्य संस्था पञ्जीकरण प्रक्रिया देहाय वमोजिम हुनेछः-

(क) यो कार्यविधि प्रारम्भ हुनु पूर्व दर्ता भई सञ्चालनमा रहेका सवै स्वास्थ्य संस्थाहरूको विवरण अधिकार प्राप्त तह वा निकायले यस प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ।

(ख) नयाँ स्थापना हुने सरकारी स्वास्थ्य संस्था सञ्चालन गर्ने तह वा निकायले संस्थाको विवरण यस प्रणालीमा प्रविष्टि गर्नुपर्दछ।

(ग) नयाँ स्वास्थ्य संस्था दर्ता, नवीकरण र स्तरोन्नतीको लागि गैर सरकारी स्वास्थ्य संस्थाले सञ्चालन इजाजतको लागि सम्वन्धित संस्थाले तोकिएका प्रमाणित कागजात सहित अनुसूची-२ वमोजिमको प्रणाली मार्फत् फारम भरी आवेदन पेश गर्नुपर्नेछ र इजाजत पत्र समेत यसै प्रणाली मार्फत अनुसूची-३ अनुसार जारी गरिनेछ।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(घ) स्वास्थ्य संस्था सञ्चालन गर्ने वा सञ्चालन अनुमति सम्वन्धी इजाजत प्रदान गर्ने तह वा निकायले स्तरोन्नती भएका संस्थाको मौजुदा विवरण समेत रहने गरी तत्काल अद्यावधिक गर्नुपर्दछ।

(२) स्वास्थ्य संस्थाको सेवा थपघट भएमा सोसम्वन्धी विवरण अद्यावधिक गर्ने जिम्मेवारी देहायवमोजिम हुनेछः-

(क) सरकारी स्वामित्वमा रहेका संघीय र प्रादेशिक स्वास्थ्य संस्थाको विवरण सम्वन्धित संस्थाले,

(ख) सरकारी स्वामित्वमा रहेका स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाको विवरण सम्वन्धित स्थानीय तहले,

(ग) गैरसरकारी स्वास्थ्य संस्थाको विवरण इजाजत प्रदान गर्ने संस्थाले।

(३) सञ्चालन अनुमति खारेज भएका वा वन्द भएका स्वास्थ्य संस्थाको हकमा अधिकार प्राप्त तह वा निकायले कैफियत जनाएर विवरण निष्क्रिय वनाई अभिलेखिकरण गर्नुपर्नेछ।

१४. सूचना र तथ्याङ्कको स्तरीकरण सम्बन्धी व्यवस्था: (१) यस प्रणालीमा रहने सूचना एवं तथ्याङ्कको स्तरीकरण गरी अन्तर आवद्धताको व्यवस्था मिलाउन प्रदेश, जिल्ला, स्थानीय तह र स्वामित्व समेतको पहिचान हुने गरी प्रत्येक स्वास्थ्य संस्थाको लागि अनुसूची-४ वमोजिमको दश (१०) अंकको यूनिक कोड (Unique Code) जारी हुनेछ।

(२) स्वास्थ्य सेवालाई आधारभूत, जनरल, विशेपज्ञ, विशिष्टिकृत र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा छुट्टिने गरी अनुसूची- ५ वमोजिम सेवाको युनिक कोड (Unique Code) जारी हुनेछ।

१५. स्वास्थ्य संस्थाको युनिक कोड प्रयोग: यो प्रणालीमा मुलुकभरका सवै स्वास्थ्य संस्थाको यूनिक कोड (Unique Code) कायम हुनेछ र यस प्रणालीसँग अन्य सवै किसिमका विद्युतीय स्वास्थ्य सूचना प्रणालीहरु (Digital Health Applications) अनिवार्य रुपमा अन्तरआवद्ध हुनुपर्नेछ।

१६. स्वास्थ्य संस्थाको नवीकरण: (१) नियमानुसार नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाको म्याद समाप्त हुनु भन्दा ३ महिना अगाडी नै सम्वन्धित संस्थालाई नवीकरणको लागि प्रणाली मार्फत् मोवाइल र ईमेलमा जानकारी (Notification) दिन सकिनेछ ।

(२) नवीकरणका लागि स्वास्थ्य संस्थाहरुले नियामानुसार यसै प्रणाली मार्फत् आवेदन दिनुपर्नेछ।

१७. स्वास्थ्य संस्था स्थानान्तरण: कुनै स्वास्थ्य संस्था एक स्थानीय तहवाट अर्को स्थानीय तहमा स्थानान्तरण भएमा सम्वन्धित संस्थाले इजाजत पत्र दिने तह वा निकाय मार्फत प्रणालीमा विवरण अद्यावधिक गर्नुपर्नेछ। यसबाट स्वास्थ्य संस्थाको कोड नयाँ सिर्जना भई पुरानो कोड निष्क्रिय हुनेछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

परिच्छेद-४

कार्यान्वयन इकाई, दायित्व र जिम्मेवारी

१८. कार्यान्वयन इकाई: मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखाले यस प्रणालीको समग्र कार्यान्वयनमा सहजीकरण र अन्तर निकाय समन्वय एवम् अनुगमन सम्वन्धी कार्य गर्नेछ । प्रणालीको कार्यान्वयन सोही महाशाखाको अनुगमन तथा मूल्यांकन शाखाले गर्नेछ ।

१९. संघीय तहको दायित्व र जिम्मेवारी: (१) मन्त्रालयले अन्तर निकाय समन्वय तथा सहजीकरण, सफ्टवेयरको विकास तथा अद्यावधिक गर्न आवश्यकतानुसार समन्वय, अनुगमन र मूल्याङ्कन सम्वन्धी कार्य गर्नेछ।

(२) आफ्नो अधिकार क्षेत्रका गैर सरकारी स्वास्थ्य संस्थाहरुलाई प्रणाली मार्फत् संचालन इजाजत जारी गर्ने।

२०. प्रदेशको दायित्व र जिम्मेवारी: प्रदेशको स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा निर्देशनालयले प्रणाली कार्यान्वयनमा देहाय अनुसारका कार्य गर्नेछ:-

(क) प्रदेशको आफ्नो क्षेत्र भित्रका स्वास्थ्य संस्थामा प्रणाली कार्यान्वयन गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने।

(ख) प्रणाली कार्यान्वयनको लागि स्थानीय तहको क्षमता विकासमा सहयोग र समन्वय गर्ने।

(ग) प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि एक सम्पर्क इकाई र सम्पर्क व्यक्ति तोक्ने।

(घ) आफ्नो अधिकार क्षेत्रका गैर सरकारी संस्थाहरुलाई प्रणाली मार्फत संचालन इजाजत जारी गर्ने।

(ङ) प्रदेशको तथ्याङ्क विश्लेषण गरी स्वास्थ्य क्षेत्रको योजनावद्ध विकासमा प्रयोग गर्ने ।

२१. स्थानीय तहको दायित्व र जिम्मेवारी: स्थानीय तहले स्वास्थ्य संस्थाहरूमा प्रणाली कार्यान्वयन गर्न देहाय अनुसारका कार्य गर्नेछ:-

(क) आफ्नो अधिकार क्षेत्र भित्रका स्वास्थ्य संस्थाको प्रणालीमा आवद्धताको लागि पञ्जीकरण र अद्यावधिक गर्ने।

(ख) प्रणाली सञ्चालनका लागि आवश्यक श्रोत साधनको व्यवस्था मिलाई कार्यान्वयन गर्ने।

(ग) प्रणाली सम्वन्धी क्षमता विकास तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने।

(घ) आफ्नो अधिकार क्षेत्रका गैर सरकारी स्वास्थ्य संस्थाहरुलाई प्रणाली मार्फत संचालन इजाजतजारी गर्ने।

२२. स्वास्थ्य संस्थाको दायित्व र जिम्मेवारी: स्वास्थ्य संस्थाले प्रणाली कार्यान्वयन गर्न देहाय अनुसारका कार्य गर्नेछ:-

(क) प्रणालीमा सेवाको विवरण अद्यावधिक गर्न जिम्मेवार व्यक्ति तोक्ने।

(ख) गैर सरकारी स्वास्थ्य संस्थाले इजाजत लिन तथा नवीकरण गर्न कागजात सहित अनुसूची-२ वमोजिमको अनलाईन फाराम मार्फत आवेदन पेश गर्ने।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

## परिच्छेद-५

## अनुगमन तथा मूल्याङ्कन

२३. <u>निर्देशक समितिः</u> (१) नेपाल स्वास्थ्य संस्था पञ्जीकरण प्रणालीसँग सम्वन्धित विषयमा आवश्यक मार्गनिर्देशन तथा सहजीकरणका लागि देहाय वमोजिमको निर्देशक समिति रहनेछः-

(क) अतिरिक्त स्वास्थ्य सचिव, (नीति योजना तथा अनुगमन महाशाखा हेर्ने) मन्त्रालय-संयोजक

(ख) महानिर्देशक, स्वास्थ्य सेवा विभाग -सदस्य

(ग) महानिर्देशक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग -सदस्य

(घ) महानिर्देशक, औषधी व्यवस्था विभाग -सदस्य

(ङ) प्रदेश सचिव, प्रदेशका स्वास्थ्य हेर्ने मन्त्रालय (सबै प्रदेश) -सदस्य

(च) महाशाखा प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, मन्त्रालय -सदस्य

(छ) महाशाखा प्रमुख, नीति, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य सचिव

२४. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> (१) निर्देशक समितिको जिम्मेवारी देहाय वमोजिम हुनेछः-

(क) यस प्रणालीलाई संघ, प्रदेश एवं स्थानीय तहमा कार्यान्वयनका लागि नीतिगत सहजीकरण गर्ने।

(ख) यस प्रणालीलाई समय सान्दर्भिक परिमार्जन एवं प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयमा सुझाव पेश गर्ने।

(२) समितिको वैठक कम्तीमा वर्षको एक पटक वस्नेछ।

(३) समितिको वैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(४) समितिको वैठक सञ्चालन सम्वन्धी अन्य कार्यविधि समिति आफैले तोकेवमोजिम हुनेछ।

२५. <u>प्रणालीको समिक्षाः</u> संघीय स्तरमा मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखाले र प्रदेश स्तरमा स्वास्थ्य हेर्ने प्रदेश मन्त्रालयले प्रणालीको वार्षिक रूपमा प्रगति समीक्षा गर्नुपर्नेछ ।

## परिच्छेद-६

## विविध

२६. <u>सूचनाको गोपनीयताः</u> (१) यस प्रणालीमा संकलित सूचनाहरूको गोपनीयता प्रचलित कानून अनुसार कायम गरिनेछ।

२७. <u>प्रणाली परीक्षणः</u> यस प्रणालीको सूचना प्रविधि तथा सुरक्षा परीक्षण वार्षिक रूपमा मन्त्रालयको सूचना प्रविधि शाखावाट गरिनेछ।

२८. <u>प्रणाली अध्यावधिक सम्बन्धी व्यवस्थाः</u> आवश्यकता र औचित्यको आधारमा दफा २३ वमोजिमको निर्देशक समितिको सिफारिसमा मन्त्रालयले पञ्जीकरण प्रणाली अद्यावधिक गर्न सक्नेछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

२९. <u>संशोधन सम्बन्धी व्यवस्थाः</u> यस कार्यविधिको कुनै दफा वा अनुसूचीमा संशोधन वा थपघट गर्न आवश्यक भएमा दफा २३ बमोजिमको निर्देशक समितिको सिफारिसमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

३०. <u>झुठ्ठा विवरण पेश गरेमा कारवाही हुनेः</u> यस प्रणाली प्रयोगकर्ताले प्रणालीमा झुठ्ठा विवरण पेश गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

३१. <u>सूचना प्रविधि प्रोटोकल लागू हुनेः</u> (१) सूचना प्रविधिसँग सम्वन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्किङ्ग, इन्टरनेट लगायतका प्राविधिक विषयहरूमा नेपाल सरकारले जारी गरेका नीति, निर्देशिका, प्रोटोकलहरू यस प्रणालीमा पनि लागू हुनेछन्।

(२) उपदफा (१) मा उल्लिखित वाहेक अतिरिक्त प्रणाली र डाटालाई थप सुरक्षित एवं व्यवस्थित गर्नको लागि नीतिगत व्यवस्था गर्न यस दफाले रोक लगाएको मानिने छैन।

३२. <u>डिजिटल दस्तखतः</u> यस प्रणाली मार्फत् गरिने सबै किसिमका कार्यहरूमा डिजिटल दस्तखत (Digital Signature) को समेत प्रयोग गर्न सकिनेछ।

३३. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u> यस कार्यविधिको कार्यान्वयन वा व्याख्यामा कुनै द्विविधा परेमा व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार दफा २३ बमोजिमको निर्देशक समितिको सिफारिसमा मन्त्रालयलाई हुनेछ।

डा. रोशन पोखरेल

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## अनुसूची-१

(दफा ७ सँग सम्वन्धित)

**स्वास्थ्य संस्था पञ्जीकरण प्रणालीमा समावेश हुने विवरणहरू**

(क) स्वास्थ्य संस्थाको नाम: (साविकको पुरानो नामलाई यथावत राखी नयाँ महल थपेर जनस्वास्थ्य नियमावली अनुसारको हालको नाम कायम गर्ने)

(ख) स्वास्थ्य संस्थाको कोडः (प्रणालीवाट अनुसूची-३ वमोजिमको कोड स्वतः उत्पन्न हुने)

(ग) ठेगानाः प्रदेश, जिल्ला, स्थानीय तह, वडा (राष्ट्रिय तथ्यांक कार्यालयले उपलब्ध गराए अनुसारको कोड प्रयोग हुने)

(घ) इमेलः

(ङ) वेभसाइटः

(च) टेलिफोन नम्वरः

(छ) सम्पर्क व्यक्तिको नाम र मोवाइल नम्वरः

(ज) भौगोलिक अवस्थितिः अक्षांश, देशान्तर र उचाइ

(झ) अख्तियारी (Authority): सरकारी वा गैर सरकारी

(ञ) अख्तियारी तहः सरकारीको हकमा तालुक निकाय (संघ, प्रदेश वा स्थानीय तह) र गैर सरकारीको हकमा संचालन इजाजत दिने तह (संघ, प्रदेश वा स्थानीय तह)

(ट) स्वामित्व (Ownership): सरकारीको हकमा स्वास्थ्य संस्था सञ्चालन गर्ने सरकारी मन्त्रालय वा निकाय, गैर सरकारीको हकमा निजी, सामुदायिक वा I/NGO जनाउने

(ठ) स्थापना वा दर्ता मितिः सरकारीको हकमा स्थापना मिति, गैर सरकारीको हकमा दर्ता मिति

(ड) अन्तिम नवीकरण मितिः गैर सरकारी स्वास्थ्य संस्थाको लागि मात्र

(ढ) सञ्चालन अनुमति कायम हुने अन्तिम मितिः गैर सरकारी स्वास्थ्य संस्थाको लागि मात्र

(ण) स्वास्थ्य सेवाः प्रतिकारात्मक, प्रवर्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक एक वा वढि छनौट गर्ने

(त) स्वास्थ्य सेवा पद्धतिः आधुनिक चिकित्सा, आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपञ्चर, सोवारिग्पा(आम्ची)

(थ) स्वास्थ्य संस्था तहः (जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची- ७ मा उल्लेख भए अनुसार, स्वास्थ्य संस्थाको तह अनुसूची-६ वमोजिम हुनेछन्)

(द) अस्पताल शैया संख्याः स्वीकृत र उपलव्धता

(ध) आइ.सी.यु. शैया संख्याः स्वीकृत र उपलव्धता

(न) भेन्टीलेटर संख्याः

(प) अक्सिजनको उपलव्धताः (प्लान्ट भएमा सो को क्षमता सिलिण्डर भए सो को संख्या, कन्सन्ट्रेटर भएमा संख्या र नभएमा उपलव्ध नभएको जनाउने)



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

डा. रोशन पोखरेल

(फ) एम्वुलेन्स

(व) एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC)

(भ) सामाजिक सेवा ईकाई (SSU)

(म) जेरियाट्रिक सेवा

(य) विस्तारित स्वास्थ्य सेवा (EHS)

(र) अस्पताल फार्मेसी

(ल) स्वास्थ्य विमा कार्यक्रम(व) उपलव्ध सेवाहरू: कोड सहितको सेवाहरू अनुसूची- ५ अनुसार हुनेछ ।

(श) सञ्चालन अवस्था: यस प्रणालीमा प्रविष्ट भएका स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका भए 'छ' र सञ्चालनमा नरहेका वा खारेजीमा परेको वा अन्यत्र गाभिएका वा अन्य कुनै कारणले सञ्चालनमा नरहेमा 'छैन' जनाउने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल

## अनुसूची-२

(दफा १३ को उपदफा (१) को खण्ड (ग) सँग सम्वन्धित)

**स्वास्थ्य संस्था संचालन इजाजत तथा स्तरोन्नतीका लागि अनलाईन आवेदन फाराम**

(क) इजाजत वा स्तरोन्नती:

(ख) स्तरोन्नती भए स्वास्थ्य संस्थाको कोड:

(ग) स्वास्थ्य संस्थाको नाम:

(घ) ठेगाना: प्रदेश, जिल्ला, स्थानीय तह, वडा (राष्ट्रिय तथ्यांक कार्यालयले उपलव्ध गराए अनुसारको कोड प्रयोग हुने)

(ङ) इमेल:

(च) वेभसाइट:

(छ) टेलिफोन नम्वर:

(ज) सम्पर्क व्यक्तिको नाम र मोवाइल नम्वर

(झ) भौगोलिक अवस्थिति: अक्षांश, देशान्तर र उचाइ

(ञ) स्वामित्व:

(ट) स्वास्थ्य सेवा: प्रतिकारात्मक, प्रवर्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक एक वा वढि छनौट गर्ने

(ठ) स्वास्थ्य सेवा पद्धति: आधुनिक चिकित्सा, आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपञ्चर, सोवारिग्पा(आम्ची)

(ड) सेवाको प्रकार: जनरल सेवा, विशेपज्ञ सेवा, विशिष्टिकृत सेवा, अन्य

(ढ) अस्पताल शैया संख्या:

(ण) आइ.सी.यु. शैया संख्या:

(त) भेन्टीलेटर संख्या:

(थ) अक्सिजनको उपलव्धता: प्लान्ट भएमा सो को क्षमता सिलिण्डर भए सो को संख्या, कन्सन्ट्रेटर भएमा संख्या र नभएमा उपलव्ध नभएको जनाउने

(द) एम्वुलेन्स:

(ध) प्रदान गर्ने सेवाहरू: उपचारात्मक, निदात्मक, प्रतिकारात्मक, अन्य (अनुसूची ५ को सूचि पनि भर्ने)

(न) संस्था खोल्ने व्यक्तिहरू (५% भन्दा वढि शेयर होल्डर मात्र)

| क.सं. | नाम | स्थायी ठेगाना | फोन नं. | मोवाईल नं. | ईमेल | नागरिकता नं. |
|---|---|---|---|---|---|---|

(प) संस्थाको वित्तिय श्रोत: नीजि, शेयर/कर्जा, गैर सरकारी, अन्य (खुलाउने)

(फ) वित्तिय संस्थावाट कर्जा लिई संचालन गर्ने भए सो संस्थाको नाम:



डा. रोशन पोखरेल
सचिव

(व) वित्तिय लगानी लागतः भवन तथा जग्गाको लागि, औजार उपकरण, जनशक्ती,

(भ) अनुमानित आम्दानीः स्वदेशी, विदेशी

(म) अचल सम्पत्तीको श्रोतः

(य) संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरूको विवरण र श्रोत

| क.सं. | उपकरणको नाम | वित्तिय श्रोत | कैफियत |
|---|---|---|---|
| | | | |

(र) स्वास्थ्य संस्थामा सेवा प्रदान गर्ने स्वास्थ्य जनशक्तिको विवरणः स्वास्थ्य जनशक्ती सूचना व्यवस्थापन प्रणालीको विवरण रहने

(ल) निवेदन दिंदा संलग्न गर्नुपर्ने कागजातहरू

(१) कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलिपी,

(२) संस्था/कम्पनीको विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपी,

(३) स्थायी लेखा दर्ता प्रमाण पत्रको प्रतिलिपी,

(४) स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने स्थानीय तह र प्रदेशको सम्वन्धित निकायको सिफारिस पत्र,

(५) संस्थापक सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(६) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृति पत्रको प्रतिलिपी,

(७) स्वास्थ्य संस्थाको विस्तृत सर्वेक्षण सहितको प्रस्ताव,

(८) स्वास्थ्य संस्थाले लिने सेवा शुल्क विवरण,

(९) भवनको स्वीकृत नक्सा,

(१०) कर चुक्ता प्रमाण पत्र (लागू हुने अवस्थामा मात्रै) ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल

अनुसूची-३

(दफा १३ को उपदफा (१) को खण्ड (ग) सँग सम्वन्धित)

<u>स्वास्थ्य संस्था संचालनका लागि प्रदान गरिने इजाजत अनलाईन पत्रको नमूना</u>

............................

....................................

**सञ्चालन इजाजतपत्र**

**इजाजत पत्र नं.**

श्री ..........................

स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजतको लागि मिति ..मा प्राप्त भएको निवेदन उपर कारवाही हुँदा त्यस संस्थालाई सेवा सञ्चालन गर्न दिने गरी मिति .......... मा निर्णय भएकोले जनस्वास्थ्य सेवा ऐन, २०७५, जनस्वास्थ्य सेवा नियमावली, २०७७ तथा देहायका शर्तहरुको अधीनमा रही म.न.पा./उ.म.न.पा./नपा/गा.पा. वडा नं. .... मा...... शैया क्षमताको (अस्पताल/स्वास्थ्य संस्था) सञ्चालन गर्न जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ को उपनियम (५) वमोजिम यो इजाजतपत्र दिईएको छ ।

१. स्वास्थ्य संस्था तथा त्यस्तो संस्थाले प्रदान गर्नुपर्ने सेवाः

२. इजाजतपत्र कायम रहने अवधिः

इजाजतपत्र दिने अधिकारीको,-

दस्तखतः

नामः

दर्जाः

मितिः

(इजाजतपत्रको पछाडिको पृष्ठमा लेखिने)

इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने शर्तहरुः

(क) स्वास्थ्य संस्था सञ्चालन गर्दा तोकिएको न्यूनतम मापदण्ड पालना सम्वन्धमा स्वमूल्याङ्कन गरी गुणस्तर सुधार गर्दै जानुपर्ने ।

(ख) नेपाल सरकारवाट स्वीकृत गरिएको सरकारी कार्यक्रम लागू गर्नु पर्ने ।

(ग) प्रदेश सरकार अन्तर्गत सञ्चालन हुने भए प्रदेश सरकार र स्थानीय तह अन्तर्गत सञ्चालन हुने भए सम्वन्धित प्रदेश सरकार तथा स्थानीय तहले जारी गरेका नीति तथा कार्यक्रम लागू गर्ने।

(घ) मन्त्रालयले समय समयमा तोकेको अन्य शर्तहरु पालना गर्नुपर्ने।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

अनुसूची ४

(दफा १४ को उपदफा १ सँग सम्वन्धित)

<u>स्वास्थ्य संस्थाको कोडिङ विधि</u>

स्वास्थ्य संस्थाको लागि दश अङ्कको अद्धितिय (unique) कोडको व्यवस्था गरिएको छ। प्रदेश जिल्ला तथा पालिकाको कोड राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रयोग गरेको स्तरीकृत कोडलाइ नै यसमा प्रयोग गरिएको छ। जस्तै वीर अस्पताल काठमाडौको लागि ३०६०८००४६१

| स्थान | अङ्क | भौगोलिक |
|---|---|---|
| पहिलो एक अङ्क | ३ | वागमती प्रदेश |
| दोस्रो दुइ अङ्क | ०६ | काठमाडौं जिल्ला |
| तेस्रो दुइ अङ्क | ०८ | काठमाडौं महानगरपालिका |
| चौथो चार अङ्क | ००४६ | स्वास्थ्य संस्था वीर अस्पताल |
| पाचौं एक अङ्क | १ | सरकारी निकाय |

चौथो स्थानमा भएको चार वटा अङ्क ले एउटा पालिकामा वढिमा चार अङ्कको भन्दा धेरै स्वास्थ्य संस्था हुदैनन् भन्ने अनुमान गरीएको छ। पाचौं स्थानको अङ्क १ ले सरकारी स्वास्थ्य संस्था र २ ले गैर सरकारी स्वास्थ्य संस्थालाइ जनाउँदछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल

अनुसूची-५

(दफा १४ को उपदफा (२) सँग सम्वन्धित)

**स्वास्थ्य सेवाको कोडको सूची**

जनस्वास्थ्य सेवा नियमावली, २०७७ मा व्यवस्था भए वमोजिमका सेवाहरुलाई तपशिल वमोजिमका alphanumeric Code गरिएको छ।

**आधारभूत स्वास्थ्य सेवा (B)**

| | सेवा | कोड |
|---|---|---|
| B01 | १. खोप सेवा | |
| B0101 | बालबालिकाहरुको खोप सेवा (B0101) | |
| | बि.सि.जि (BCG) | B010101 |
| | रोटा | B010102 |
| | पोलियो (OPV) | B0101[illegible] |
| | पोलियो (FIPV) | B010104 |
| | निमोकोकल (PCV) | B010105 |
| | डिपिटी, हिब, हेपाटाइटीस बी. ((DPT, Hib, Hepatitis B) | B010106 |
| | दादुरा-रुबेला (Measles-Rubella) | B010107 |
| | जापनिज इन्सेफलाइटिस (Japanese encephalitis) | B010108 |
| | टाइफाइड (TCV) | B010109 |
| B0102 | गर्भवती महिला तथा प्रजनन उमेरका महिलाहरुको खोप सेवा | |
| | धनुषटंकार तथा भ्यागुते रोग विरुद्ध खोप (Tetanus and diphtheria/Td vaccine) | B010201 |
| | Human Papillomavirus (HPV) vaccines | B010202 |
| **B02** | **2. एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य** | |
| **B021** | नवजात शिशु तथा बालरोग व्यवस्थापन | |
| B0211 | २ महिनासम्मको शिशुको स्याहार तथा उपचार | |
| | नवजात संक्रमण (neonatal sepsis) | B021101 |
| | निस्साएका नवजात शिशु (Birth asphyxia) | B021102 |
| | शीतांग (hypothermia) | B021103 |
| | कमलपित्त (jaundice) | B021104 |
| | कम जन्मतौल (Low birth weight) | B021105 |
| | समय नपुगी जन्मेका (Premature birth) | B021106 |
| | स्तनपान तथा खुवाउने सम्बन्धी समस्या (Feeding Problems) | B021107 |
| | नाभी सम्वन्धी समस्या | B021108 |
| | रगतमा ग्लुकोजको कमी | B021109 |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| | सेवा | कोड |
|---|---|---|
| | जन्मजात विकलांगता (Birth defect) | B021110 |
| B0212 | दुई महिना देखि पाँच बर्ष सम्मका बालबालिकाको स्याहार तथा उपचार | |
| | शीघ्र श्वास प्रश्वास संक्रमण (ARI) | B021201 |
| | निमोनिया (Pneumonia) | B021202 |
| | औंलो (Malaria) | B021203 |
| | झाडापखाला (Diarrhea) | B021204 |
| | दादुरा (Measles) | B021205 |
| | कुपोषण (Malnutrition) | B021206 |
| | कानको संक्रमण (Ear infection) | B021207 |
| B022 | पोषण सेवाहरु | |
| B0221 | पोषण परामर्श | |
| | गर्भवती महिला र बालबालिकाका लाई पोषण परामर्श, र आमाहरुलाई स्तनपानका लागि परामर्श | B022101 |
| | आहार बिबिधीकरण (Dietary diversification) परामर्श सेवा र प्रदर्शन | B022102 |
| | सामान्य शिघ्र कुपोषणको स्तरीय उपचार पद्धति अनुसार निदान र व्यवस्थापन | B022103 |
| | जटिल शिघ्र कुपोषणको स्तरीय उपचार पद्धति अनुसार निदान र प्रेषण सेवा | B022104 |
| B0222 | सुक्ष्म पोपण पूरकता (Micronutrient supplementation) र बृद्धि तथा तौल अनुगमन | |
| | पाँच वर्ष मुनिका बालबालिकाको लागिः भिटामिन ए क्याप्सुल | B022201 |
| | गर्भवती महिलाका लागिः आइरन चक्की | B022202 |
| | सुत्केरी महिलाका लागिः आइरन चक्की | B022203 |
| | १२– ५९ महिना सम्मका तथा स्कूल जाने बालबालिकाको लागि (बिद्यालय मार्फत): जुकाको औषधी | B022204 |
| | गर्भवती महिलाका लागिः जुकाको औषधी | B022205 |
| | २ वर्ष मुनि बालबालिकाका लागि बृद्धि अनुगमन तथा परामर्श | B022206 |
| | बी.एम.आई.(Body Mass Index) जाँच तथा परामर्श | B022207 |
| B023 | गर्भवती, प्रसुती तथा सुत्केरी सेवा | |
| B0231 | गर्भवती जाँच सेवा (ANC) | |
| | सामान्य गर्भावस्थाको पहिचान, परामर्श, स्तरीय उपचार पद्धति अनुसार व्यवस्थापन र प्रेषण | B023101 |
| | उच्च जोखिम गर्भावस्थाको पहिचान, परामर्श, स्तरीय उपचार पद्धति अनुसार व्यवस्थापन र प्रेषण | B023102 |
| B0232 | प्रसव तथा सुत्केरी सेवा (Delivery and PNC) | |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल

| | सेवा | कोड |
|---|---|---|
| | सुत्केरी पश्चात स्तरीय उपचार पद्धति अनुसार व्यवस्थापन, परिवार नियोजन सेवा तथा परामर्श | B023201 |
| | स्तरीय उपचार पद्धति अनुसार तत्कालिन तथा अत्यावश्यक नवशिशु स्याहार (Immidiate and Essential New Born Care) | B023202 |
| B024 | परिवार नियोजन,गर्भपतन सेवा प्रजनन स्वास्थ्य समस्या तथा महिला क्यान्सरहरु सम्बन्धी सेवाहरु | |
| B0241 | परिवार नियोजन (Family planning) | |
| | परिवार नियोजन परामर्श तथा सेवाः पुरुष कण्डम | B024101 |
| | परिवार नियोजन परामर्श तथा सेवाः गर्भ निरोधक चक्की (OCP) | B024102 |
| | परिवार नियोजन परामर्श तथा सेवाः गर्भ निरोधक सुइ | B024103 |
| | परिवार नियोजन परामर्श तथा सेवाः आइ.यु.सि.डी. | F024001 |
| | परिवार नियोजन परामर्श तथा सेवाः इम्प्लाण्ट | F024002 |
| | परिवार नियोजन परामर्श तथा सेवाः पुरूष बन्ध्याकरण | F024003 |
| | परिवार नियोजन परामर्श तथा सेवाः महिला बन्ध्याकरण | F0240[illegible] |
| B0242 | गर्भपतन सेवा (Abortion-related services) | |
| | सुचीकृत स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा, परामर्श तथा प्रेषण | B024201 |
| | गर्भपतन पश्चात (Post-abortion) सेवा तथा आवश्यक परामर्श र परिवार नियोजन सेवा समेत | B024202 |
| B0243 | प्रजनन स्वास्थ्य समस्याहरु (Reproductive health morbidity) | |
| | आड खस्ने समस्या (Utero-Vaginal prolapse) को शीघ्र पहिचान (Early screening) तथा परामर्श | B024301 |
| | प्रजनन फिस्टुला (Obstetric fistula) को शीघ्र पहिचान (Early screening) तथा परामर्श र प्रेषण | B024302 |
| B0244 | महिला क्यान्सर (Cancer) | |
| | पाठेघरको मुखको क्यान्सरः सामान्य जाँच, परामर्श तथा प्रेषण | B024401 |
| | स्तन क्यान्सरको प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण | B024402 |
| B0245 | किशोरावस्था मैत्री सेवा | |
| | किशोर किशोरीमैत्री सूचना तथा परामर्श सेवा, स्वास्थ्य सेवा | B0245[illegible] |
| B03 | **3. सरुवा रोगहरु सम्बन्धी सेवाहरु** | |
| B0301 | एच.आई.भी/एड्स (HIV/AIDS) | |
| | एच.आई.भी/एड्स सम्बन्धी परामर्श | B030101 |
| | एच.आई.भी/एड्सको अवसरवादी संक्रमण (Opportunistic infection)को व्यवस्थापन | B030102 |
| B0302 | क्षयरोग (Tuberculosis) | |
| | क्षयरोग निदान तथा उपचार (पहिलो लाइनको औषधि) | B030201 |
| B0303 | औलो (Malaria) | |
| | औलोको निदान तथा उपचार | B030301 |
| B0304 | जनावर टोकाइ (Animal bite) | |
| | Animal Bite जोखिम लेखाजोखा, लाक्षणिक उपचार, प्रेषण परामर्श | B030401 |

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

डा. रोशन पोखरेल
सचिव

| | सेवा | कोड |
|---|---|---|
| B0305 | कुष्ठरोग (Leprosy) | |
| | कुष्ठरोगको निदान, उपचार तथा प्रेषण सेवा | B030501 |
| B0306 | कालाजार (Kala-azar) | |
| | कालाजार सम्बन्धी परामर्श तथा प्रेषण | B030601 |
| B0307 | डेंगु (Dengue) | |
| | डेंगु सम्बन्धी परामर्श तथा प्रेषण | B030701 |
| B0308 | फाइलारियसिस (Filariasis) | |
| | फाइलारियसिस सम्बन्धी परामर्श तथा प्रेषण | B030801 |
| B0309 | पाचन प्रणालीसम्बन्धि संक्रमण (Gastrointestinal infections) | |
| | सामान्य झाडा पखाला (Acute diarrhea): जल-बियोजन (Dehydration) को लेखाजोखा र उपचार | B030901 |
| | आँउ (dysentery) को प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B030902 |
| | म्यादे ज्वरो: प्रारम्भिक निदान (provisional diagnosis) र लाक्षणिक उपचार तथा प्रेषण | B030903 |
| | जुका तथा पाचन प्रणालीका अन्य परजीवी संक्रमण : प्रारम्भिक निदान र उपचार | B030904 |
| B0310 | श्वासप्रश्वास प्रणालीसम्बन्धि संक्रमण (Respiratory tract infections) | |
| | मौसमी इन्फ्लुएन्जा (Seasonal influenza): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031001 |
| | श्वासप्रश्वास नली संक्रमण (Sinusitis, Pharyngitis, tonsillitis, bronchitis, pneumonia): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031002 |
| B0311 | बिमीरा जन्य (Eruptive) रोग | |
| | दादुरा (Measles): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031101 |
| | ठेउला (Chickenpox): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031102 |
| | रुबेला (Rubella): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031103 |
| B0312 | हाँडे (Mumps) | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031201 |
| B0313 | छाला (Skin) तथा नरम तन्तु (Soft tissue) संक्रमण | |
| | लुतो (Scabies): निदान र उपचार | B031301 |
| | जुम्रा (Pediculosis): निदान र उपचार | B031302 |
| | छालाको संक्रमण (Cellulitis), पिलो (Abscess), फोड़ा (boil, furunculosis): निदान र उपचार तथा प्रेषण | B031303 |
| | दाद (Ringworm) तथा अन्य ब्याक्टेरिया (Bacterial) तथा ढुसीजन्य (Fungal) छाला रोगहरु: निदान र उपचार तथा प्रेषण | B031304 |
| B0314 | आंखा सम्बन्धि संक्रमण (Eye infections) | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल

| | सेवा | कोड |
|---|---|---|
| | आँखामा संक्रमणः प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031401 |
| | नवजातमा आँखा पाक्ने समस्या (Opthalmia Neonatorum): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031402 |
| B0315 | नाक र कानका संक्रमण (Nose and ear infections) | |
| | कानमा संक्रमणः प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031501 |
| | नाकमा संक्रमणः प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031502 |
| B0316 | मुख सम्बन्धि संक्रमण (Oral infections) | |
| | मुखभित्रको संक्रमण: प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031601 |
| | मुखको घाउः प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण | B031702 |
| B0317 | प्रजनन तथा यौन रोग (Reproductive and genito-urinary diseases) | |
| | तल्लो पेट दुखाइको (Lower abdominal pain syndrome) ; प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B031701 |
| | पिसाबनली बाट पीप आउने समस्या (Urethral discharge syndrome); प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B031702 |
| | योनीबाट प्रदर आउने समस्या (Vaginal discharge syndrome) ; प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B031703 |
| | योनी/लिङ्गमा घाउ आउने समस्या (Genital Ulcer syndrome); प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B031704 |
| | अन्डकोषको थैली सुन्निने समस्या (scrotal swelling syndrome) ; प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B031705 |
| | काँछको लिम्फ ग्रन्थी सुन्निने समस्या (Inguinal Bubo syndrome) ; प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B031706 |
| | मुत्र प्रणालीको संक्रमण (Urinary Tract Infection); प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B031707 |
| | **४. नसर्ने रोगहरु तथा भिन्न शारीरिक क्षमतासम्बन्धी सेवाहरु** | |
| **B04** | उच्च रक्तचाप (Hypertension) | |
| B0401 | प्रारम्भिक जाँच तथा जोखिम पहिचान, परामर्श सेवा र प्रेषण | B040101 |
| | उच्च रक्तचापको उपचार निरन्तरता | B040102 |
| B0402 | मधुमेह (Diabetes mellitus) | |
| | प्रारम्भिक जाँच तथा जोखिम पहिचान, परामर्श सेवा र प्रेषण | B040201 |



नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

| | सेवा | कोड |
|---|---|---|
| | मधुमेहको उपचार निरन्तरता | B040202 |
| B0403 | दीर्घकालीन अवरोधात्मक फोक्सोको रोग तथा दमको रोग [Chronic Obstructive Pulmonary Disease (COPD) and Asthma] | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B040301 |
| | आकस्मिक उपचार | B040302 |
| B0404 | हाडजोर्नी तथा मांसपेशीको दुखाई (Musculoskeletal pain) | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B040401 |
| B0405 | अम्लपित्त (Acid peptic disease) | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B040501 |
| B0406 | आँखा सम्बन्धी अन्य समस्या (Eye problems) | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B040601 |
| B0407 | कान सम्बन्धी समस्या (Ear problems) | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B040701 |
| B0408 | मुख सम्बन्धी स्वास्थ्य समस्या (Oral health problems) | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B040801 |
| B0409 | अपांगता (Disability) | |
| | प्रारम्भिक निदान, परामर्श तथा प्रेषण | B040901 |
| **B05** | **५. मानसिक रोगहरुसम्बन्धी सेवाहरु** | |
| B0501 | मानसिक स्वास्थ्य समस्या (Common mental health problems) | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B050101 |
| B0502 | मदिरा तथा लागू पदार्थ दुर्व्यसन (Alcohol and substance abuse) | |
| | लागू पदार्थ दुर्व्यसन: प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B050201 |
| | मदिरापानको लत (Alcoholism/dependancy)को जाँच र प्रारम्भिक व्यवस्थापन, प्रेरणादायी अन्तरक्रिया (Motivational interviewing), प्रेषण र परामर्श | B050202 |
| **B06** | **६. जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवाहरु** | |
| B0601 | जेष्ठ नागरिकको स्वास्थ्य समस्या (Geriatric health problem) | |
| | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B060101 |
| | स्वास्थ्य प्रवर्धन सेवा | B060102 |
| | फिजियोथेरापी तथा पुनर्स्थापन (Physiotherapy and rehabilitation) | B060103 |
| | पोषण | B060104 |
| **B07** | **७. सामान्य आकस्मिक अवस्थाका सेवा** | |
| B0701 | चोटपटक तथा घाउखटिरा | |
| | घाउ चोटको मलम पट्टि र आवश्यकता अनुसार प्रेषण परामर्श | B070101 |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं



रोशन पोखरेल

| | सेवा | कोड |
|---|---|---|
| | काटेको ठाउँमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण परामर्श | B070102 |
| | पिलो र फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण परामर्श | B070103 |
| B0702 | आकस्मिक अवस्थाको प्राथमिक व्यवस्थापन (Common emergency conditions) | |
| | आघात (shock) व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण सेवा | B070201 |
| B0703 | मुर्छित अवस्थाको लेखाजोखाः प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार उपचार र प्रेषण | B070301 |
| B0704 | कन्भल्जन ( Convulsion): व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण सेवा | B070401 |
| B0705 | दुर्घटनाबाट गम्भीर घाइते बिरामीः स्थिर बनाउने, आवश्यक व्यवस्थापन र प्रेषण सेवा | B070501 |
| B0706 | हाड भाँचिएको (fracture) वा जोर्नी खुस्केको (joint subluxation, dislocation) : स्थिर बनाउने, निदान, दुखाइको व्यवस्थापन र प्रेषण परामर्श | B070601 |
| B0707 | पोलाई (Burn and scald) : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण | B070701 |
| B0708 | विषादी सेवनः पेट सफा गर्ने (Gastric lavage) लगायतका प्रारम्भिक व्यस्थापन, उपलव्ध प्रति-बिषादी (antidote) को प्रयोग तथा आवश्यक्ता अनुसार प्रेषण सेवा | B0708[illegible] |
| B0709 | पानीमा डुबेको (Drowning) : प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण सेवा | B070901 |
| B0710 | आखाँ ,नाक, कान, घाँटी संग सम्बन्धीत आकस्मिक अवस्था (Eye and ENT-related common emergencies) | |
| | घाँटीमा वाह्य पदार्थ (foreign body); प्राथमिक उपचार र प्रेषण परामर्श | B071001 |
| | आँखामा वाह्य पदार्थ (Foreign body) : प्राथमिक उपचार र प्रेषण परामर्श | B071002 |
| | कान भित्र वाह्य पदार्थ (Foreign body): प्राथमिक उपचार र प्रेषण परामर्श | B071003 |
| | नाकबाट रगत आउने समस्या (Epistaxis): प्राथमिक उपचार र प्रेषण परामर्श | B071004 |
| B0711 | बिषालु सर्पदंस (snake bite) | |
| | प्राथमिक उपचार र प्रेषण परामर्श | B071101 |
| **B08** | ८. स्वास्थ्य प्रवर्धन सेवाहरु | |
| B0801 | स्वास्थ्य प्रवर्धन सेवा (Health promotion services) | |
| | जनचेतनामूलक सूचना तथा संचार सामग्री/ व्यवहार परिवर्तन संचार तथा परामर्श सेवा | B080101 |
| **B09** | ९. आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरु | |
| B0901 | आयुर्वेद | |
| | पूर्वपन्च कर्म सेवा | B090101 |
| | योग सेवा | B090102 |
| | सतावरी- सुत्केरी आमाको लागि | B090103 |
| B0902 | होमियोपेथिक | |
| | मुसा (थुजा) को निदान र उपचार | B090201 |
| | छालाको एलर्जीको निदान र उपचार | B090202 |
| | टन्सिलको निदान र उपचार | B090203 |
| | अम्लपित्तको निदान र उपचार | B090204 |



डा. रोशन पोखरेल

| | सेवा | कोड |
|---|---|---|
| | दुबीको निदान र उपचार | B090205 |
| | हाडजोर्नी को समस्या (arthritis) निदान र उपचार | B090206 |

## आकस्मिक स्वास्थ्य सेवा (E)

| SN | आकस्मिक स्वास्थ्य सेवाका क्षेत्र | Disease and conditions | Code |
|---|---|---|---|
| 1 | E01. श्वासप्रश्वास सम्बन्धी (Respiratory) | Acute exacerbations of chronic obstructive pulmonary disease (AECOPD) | E0101 |
| | | Acute Mountain Sickness | E0102 |
| | | Acute Pulmonary Embolism | E0103 |
| | | Acute Pulmonary Oedema | E0104 |
| | | Acute Respiratory Failure | E0105 |
| | | Acute Respiratory Distress Syndrome (ARDS) | E0106 |
| | | Aspiration Pneumonia | E0107 |
| | | Asthma | E0108 |
| | | Decompression Syndrome | E0109 |
| | | Foreign Body in respiratory tract | E0110 |
| | | High Altitude Pulmonary Oedema (HAPE) | E0111 |
| | | Respiratory Acidosis | E0112 |
| | | Respiratory Alkalosis | E0113 |
| | | Ruptured diaphragm | E0114 |
| | | Status Asthmaticus | E0115 |
| | | Severe pneumonia | E0116 |
| | | Tension Pneumothorax | E0117 |
| | | Respiratory related others | E0199 |
| 2 | E02. मुटु सम्वन्धी (Cardiac) | Cardiac Arrythmias (e.g. ventricular tachycardia, ventricular arrythmias) | E0201 |
| | | Cardiac Tamponade | E0202 |
| | | Cardiogenic Shock | E0203 |
| | | Congestive Cardiac Failure (CCF) | E0204 |
| | | Heart Block | E0205 |
| | | Atrial Fidbrillition | E0206 |
| | | Infective Endocarditis | E0207 |
| | | Ischaemic Heart Diseases (e.g. Angina Pectoris, myocardial Infarction) | E0208 |
| | | Myocarditis | E0209 |
| | | Pericardial Effusion | E0210 |
| | | Pericarditis | E0211 |
| | | Cardiac related others | E0299 |
| 3 | E03. मस्तिष्क तथा नशा सम्बन्धी (Cerebral and Nurological) | Cerebrovascular Accident (CVA) | E0301 |
| | | Coma of any cause | E0302 |
| | | Encephalitis | E0303 |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| SN | आकस्मिक स्वास्थ्य सेवाका क्षेत्र | Disease and conditions | Code |
|---|---|---|---|
| | | Encephalopathy (Hypoxic/Hepatic/uremic) | E0304 |
| | | Epilepsy | E0305 |
| | | Guillain Barre Syndrome | E0306 |
| | | High Altitude Cerebral Oedema (HACE) | E0307 |
| | | Meningitis | E0308 |
| | | Status Epilepticus | E0309 |
| | | Others | E0399 |
| 4 | E04.पेट सम्बन्धी (Gastrointestinal) | Acute Appendicitis | E0401 |
| | | Acute Cholecystitis | E0402 |
| | | Acute Pancreatitis | E0403 |
| | | Duodenal Perforation | E0404 |
| | | Erosive gastritis | E0405 |
| | | Foreign body in esophagus | E0406 |
| | | Fulminant hepatitis | E0407 |
| | | Gastric perforation | E0408 |
| | | Gastrointestinal Bleeding (upper & lower) | E0409 |
| | | Intestinal Obstruction | E0410 |
| | | Intestinal Perforation | E0411 |
| | | Intussusception | E0412 |
| | | Peritonitis | E0413 |
| | | Ruptured Esophagus | E0414 |
| | | Splenic rupture | E0415 |
| | | Strangulated and obstructed hernia | E0416 |
| | | Trauma to abdominal visceras | E0417 |
| | | Variceal Bleeding | E0418 |
| | | Others | E0499 |
| | E05.मूत्र प्रणाली संग सम्बन्धी (Urological) | Acute retention urine | E0501 |
| | | Hematuria | E0502 |
| | | Acute Pyelonephritis | E0503 |
| | | Pyonephrosis | E0504 |
| | | Acute renal failure | E0505 |
| | | Metabolic acidosis and alkalosis | E0506 |
| | | Testicular Torsion | E0507 |
| | | Paraphimosis | E0508 |
| | | Ruptured bladder | E0509 |
| | | Others | E0599 |
| 6 | E06. प्रजनन स्वास्थ्य सम्बन्धी (Reproductive Health related) | Antepartum Hemorrhage | E0601 |
| | | Eclampsia | E0602 |
| | | Ectopic Rupture | E0603 |
| | | Obstructed Labour | E0604 |
| | | Post-partum hemorrhage | E0605 |

डा. रोशन पोखरेल
सचिव

| SN | आकस्मिक स्वास्थ्य सेवाका क्षेत्र | Disease and conditions | Code |
|---|---|---|---|
| | | Preeclampsia | E0606 |
| | | Pregnancy Induced Hypertension | E0607 |
| | | Puerperal Sepsis | E0608 |
| | | Retention of Placenta | E0609 |
| | | Rupture Uterus | E0610 |
| | | Others | E0699 |
| 7 | E07. हाड्जोर्नी सम्बन्धी (Orthopedic) | Fractures (e.g. Femur fracture, spine fracture) | E0701 |
| | | Compartment syndrome | E0702 |
| | | Lacerations | E0703 |
| | | Bleeding | E0704 |
| | | Amputations | E0705 |
| | | Gangrene | E0706 |
| | | Others | E0799 |
| 8 | E08. मेटाबोलिक र इंडोक्राइनोलोजिकल (Metabolic and endocrynological) | Adrenal Insufficiency | E0801 |
| | | Hypo/hyperkaliemia | E0802 |
| | | Hypo/hypernatremia | E0803 |
| | | Ketoacidosis | E0804 |
| | | Metabolic Alkalosis | E0805 |
| | | Metabolic Acidosis | E0806 |
| | | Others | E0899 |
| 9 | E09. आँखा सम्बन्धी (Opthalmological) | Chemical burn in eye | E0901 |
| | | Corneal ulcer | E0902 |
| | | Double vision | E0903 |
| | | Foreign Body in eye | E0904 |
| | | Sudden vision loss | E0905 |
| | | Traumatic injury to eye | E0906 |
| | | Others | E0999 |
| 10 | E10. नाक, कान र घाँटी सम्बन्धी (ENT related) | Epistaxis | E1001 |
| | | Foreign body in Nose | E1002 |
| | | Choking | E1003 |
| | | Acute epiglottitis | E1004 |
| | | Others | E1099 |
| 11 | E11. पोलाई सम्बन्धी (Burns) | Thermal burns | E1101 |
| | | Chemical burns | E1102 |
| | | Electrical injuries | E1103 |
| | | Lightening injuries | E1104 |
| | | Others | E1199 |
| 12 | E12. मानसिक स्वास्थ्य सम्बन्धी (Mental health) | Acute Psychosis | E1201 |
| | | Alcohol intoxication | E1202 |
| | | Alcohol withdrawal syndrome | E1203 |
| | | Catatonic stupor | E1204 |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



रोशन पोखरेल

| SN | आकस्मिक स्वास्थ्य सेवाका क्षेत्र | Disease and conditions | Code |
|---|---|---|---|
| | | Conversion Disorder | E1205 |
| | | Drug Toxicity | E1206 |
| | | Lithium Toxicity | E1207 |
| | | Delirium Tremens | E1208 |
| | | Narcoleptic Malignant Syndrome | E1209 |
| | | Panic Attack | E1210 |
| | | Schizophrenia | E1211 |
| | | Suicidal attempt | E1212 |
| | | Transient Situational Disturbances | E1213 |
| | | Violent and aggressive behavior or over excitement | E1214 |
| | | Others | E1299 |
| 13 | E13. विषाक्तता तथा औषधिको ओभर डोज़ सम्बन्धी (Toxication and overdose of drugs) | Organophosphorus poisoning | E1301 |
| | | Mushroom poisoning | E1302 |
| | | Wild honey poisoning | E1303 |
| | | Dhatura poisoning | E1304 |
| | | Paracetamol poisoning | E1305 |
| | | Zinc phosphide poisoning | E1306 |
| | | Aluminum phosphide poisoning | E1307 |
| | | Drug overdose | E1308 |
| | | Others | E1399 |
| 14 | E14. सर्पदंस/किराको टोकाई/जनावरको टोकाई (Snake/insect/animal bites) | Animal bite | E1401 |
| | | Insect bite | E1402 |
| | | Snake bite | E1403 |
| 15 | E15. बाल रोग (Pediatric care) | Acute abdomen pain | E1501 |
| | | Central cyanosis | E1502 |
| | | Coma (or seriously reduced level of consciousness) | E1503 |
| | | Diarrhoea with signs of dehydration | E1504 |
| | | Neonatal emergencies (e.g. trachaeo-esophageal fistula, Imperforated anus, pin hole meatus, neonatal sepsis) | E1505 |
| | | Obstructed or absent breathing | E1506 |
| | | Severe respiratory distress | E1507 |
| | | Shock (cold extremities with capillary refill time > 3 second and weak and fast pulse) | E1508 |
| | | Seizures | E1509 |
| | | Rashes (Viral exanthems) | E1510 |
| | | Others | E1599 |
| 16 | E16. चोटपटक तथा घाउखटिरा (Trauma and derma related) | Bandage of wounds/cuts, referral and counselling | E1601 |
| | | Stitching of cuts, referral and counselling | E1602 |
| | | पिलो (Abscess), फोड़ा (boil, furunculosis) treatment, refferal and counselling | E1603 |
| 17 | E17. Management of | Management of shock and referral | E1701 |



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल सचिव

| SN | आकस्मिक स्वास्थ्य सेवाका क्षेत्र | Disease and conditions | Code |
|---|---|---|---|
| | common emergency conditions | Assessment of faints, primary management, treatment and referral | E1702 |
| | | Management of convulsion and referral | E1703 |
| | | Stabilization, management and referral of severe patients related to accidents | E1704 |
| | | Stabilization, management and referral of the patients with fracture, joint subluxation/dislocation | E1705 |
| | | Provisional daignosis, symptomic management, referral and counselling for burn and scald | E1706 |
| | | Primary management of poison toxication,including gastric lavage and antodote, and referral | E1707 |
| | | Primary management and referral for drowning | E1708 |
| 18 | E18. Snake bite | Primary treatment, referral and couselling for snake bite | E1801 |

## बिशेषज्ञ सेवा

| Service | Code | | Code |
|---|---|---|---|
| specialised services | S | | |
| General Physician (Internal Medicine) | S01 | | |
| General Surgery | S02 | | |
| Gynecology and Obstetrics | S03 | | |
| Paediatrics | S04 | | |
| Anaesthesia | S05 | | |
| Orthopedics | S06 | | |
| Dentistry | S07 | | |
| Ear, Nose, and Throat | S08 | | |
| Dermatology and Venereology | S09 | | |
| Psychiatrics | S10 | | |
| Radiation Oncology | S11 | | |
| Radiology and Imaging | S12 | | |
| Radiotherapy | S13 | | |
| Ophthalmology | S14 | | |
| Pathology | S15 | Bio chemistry | S1501 |
| | | Microbiology | S1502 |
| | | Haematology | S1503 |
| Pharmacy | S16 | | |
| Clinical Pharmacology | S17 | | |
| Forensic Medicine | S18 | | |
| General Practice | S19 | | |
| Physiotherapy | S20 | | |
| Ayurveda | S21 | | |
| Other specialized services defined by MoHP | S99 | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

## विशिष्टिकृत सेवा

| Service | Code |
|---|---|
| Speciality services | SP |
| Plastic surgery | SP01 |
| Surgical Oncology | SP02 |
| Pulmonology | SP03 |
| Urology | SP04 |
| Nephrology | SP05 |
| Tropical Medicine and Infectious Diseases | SP06 |
| Cardiothoracic and Vascular Surgery | SP07 |
| Transplant Surgery | SP08 |
| Emergency Medicine | SP09 |
| Endocrinology | SP10 |
| Rheumatology | SP11 |
| Geriatric Medicine | SP12 |
| Hepatobiliary Surgery | SP13 |
| Neurology | SP14 |
| Neuro surgery | SP15 |
| Ortho (Spine) Surgery | SP16 |
| Vascular Surgery | SP17 |
| Thoracic Surgery | SP18 |
| Nuclear Medicine | SP19 |
| Oral Medicine and Radiology | SP20 |
| Transfusion Medicine and Cell Therapy | SP21 |
| Physical Medicine and Rehabilitation | SP22 |
| Neonatology | SP23 |
| Paediatric Surgery | SP24 |
| Cardiology | SP25 |
| Hepatology | SP26 |
| Medical Oncology | SP27 |
| Gastroenterology | SP28 |
| Gastrointestinal Surgery | SP29 |
| Critical Care Medicine and Anaesthesiology | SP30 |
| Pulmonary Critical Care and Sleep Medicine | SP31 |
| Interventional Radiology and Imaging | SP32 |
| Molecular Biochemistry | SP33 |
| Immunopathology | SP34 |
| Molecular Pathology | SP35 |
| Haematopathology | SP36 |
| Virology | SP37 |
| Oral and Maxillofacial Surgery | SP38 |
| In-vitro Fertilisation (IVF) | SP39 |
| Molecular Microbiology | SP40 |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

| Service | Code |
|---|---|
| Specialist Ayurveda Services | SP41 |
| Occupational Medicine | SP42 |
| Genetic Medicine | SP43 |
| Other specility services defined by MoHP | SP99 |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

अनुसूची-६

स्वास्थ्य संस्थाको तह

१. आधारभूत स्वास्थ्य सेवा केन्द्र

२. आधारभूत अस्पताल (५ देखि १५ शैयासम्म)

३. जनरल अस्पताल (२५ देखि ५० शैयासम्म)

४. जनरल अस्पताल (१०० देखि ३०० शैयासम्म)

५. विशेषज्ञ अस्पताल (कम्तीमा १०० शैया)

६. विशिष्टिकृत अस्पताल (कम्तीमा ५० शैया)

७. स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतका शिक्षण अस्पताल तथा अन्य शिक्षण अस्पताल (कम्तीमा ३०० शैया)

८. वाल अस्पताल

९. आधारभूत आयुर्वेद सेवा केन्द्र

१०. आयुर्वेद स्वास्थ्य केन्द्र (जनरल आयुर्वेद अस्पताल) (२५ देखि ५० शैयासम्म)

११. विशेषज्ञ आयुर्वेद अस्पताल (कम्तीमा १०० शैया)

१२. होमियोप्याथी अस्पताल (५० शैया)

१३. "ई" समूह प्रयोगशाला

१४. "डि" समूह प्रयोगशाला

१५. "सी" समूह प्रयोगशाला

१६. "वी" समूह प्रयोगशाला

१७. "ए" समूह प्रयोगशाला

१८. स्वास्थ्य क्लिनिक

१९. विशेषज्ञ क्लिनिक

२०. पोलिक्लिनिक

२१. डेन्टल क्लिनिक

२२. जेरियाट्रिक परामर्श केन्द्र

२३. जेरियाट्रिक केयर सेन्टर (कम्तीमा २५ शैयासम्म)

२४. आँखा उपचार केन्द्र

२५. फिजियोथेरापी केन्द्र

२६. डाइलाइसीस केन्द्र

२७. पुनर्स्थापना केन्द्र (मनोसामाजिक) (कम्तीमा १० शैया)

२८. पुनर्स्थापना केन्द्र (शारीरिक) (कम्तीमा २५ शैया सम्म)

२९. आयुर्वेद क्लिनिक

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं